.................

# आ.व. २०८३/८४ मा आयुर्वेद अस्पताल / चिकित्सालयहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको

# कार्य सञ्चालन मापदण्ड, २०८३

## [विशेष अनुदान तर्फ]

**मिति २०८३/०४/२१ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत**


गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, कास्की, नेपाल

*"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (संशोधन सहित)" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाएको छ ।*

## कार्यक्रम सञ्चालन /कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३

१. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ।

२. यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ।

३. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा विनियोजित बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ।

४. कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ।

५. चालु आर्थिक वर्ष २०८३/८४ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ।

६. सम्पादित कार्यक्रमको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ।

७. कार्यक्रमको वित्तीय र भौतिक प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।

८. आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण मन्त्रालय तथा अन्य प्रादेशिक निकायबाट हुनेछ।

९. यस मापदण्डको कुनै विषय स्पष्ट नभएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ।

१०. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ।

**तपसिल**

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४
- भ्रमण खर्च नियमावली, २०६४

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८३
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८३
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

# विषयसूची

१. स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधी प्रवर्द्धन कार्यक्रम 1

२. मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन 2

३. योग, ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम 3

४. स्वर्ण विन्दु प्राशन कार्यक्रम 4

५. संक्रमण रोकथाम तथा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखीकरण 5

६. नसर्ने रोगको रोकथाम तथा व्यवस्थापन सम्बन्धी सामूहिक परामर्श कार्यक्रम 6

७. योग र ध्यान कार्यक्रम [हरेक विहान] 7

## १. स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधी प्रवर्द्धन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.१९९ | २२५२२ | प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)-२ लाख<br>धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ, गण्डकी आयुर्वेद अस्पताल, कास्की, प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा, म्याग्दी, लमजुङ, तनहुँ, स्याङजा र पर्वत - १ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ, मनाङ – ५० हजार |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | नवजात शिशुको प्रारम्भिक पोषण, रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि र आमा एवं शिशुको सम्बन्ध सुदृढीकरणको आधार स्तनपान हो । तर, पोषण अभाव, स्वास्थ्य समस्या तथा अन्य कारणले केही आमाहरूमा दूध उत्पादन कम हुने समस्या देखिन्छ । आयुर्वेद चिकित्सामा उल्लेखित विविध दुग्धबर्धक जडिबुटी तथा औषधीहरूको प्रयोगले स्तनपान बढाउन मद्दत पुऱ्याउँछ । मातृशिशु स्वास्थ्य सुरक्षाको लागि जडिबुटी र औषधीको प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधीको व्यवस्था गर्नु । |
| **अपेक्षित प्रतिफल** | स्तनपान दरमा वृद्धि भई मातृशिशु स्वास्थ्यमा सुधार भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • वैज्ञानिक र शास्त्रीय आधारमा दुग्धबर्धक प्रभाव भएका आयुर्वेदिक जडिबुटी तथा औषधीहरू (जस्तै: शतावरी, विदारीकन्द आदि) को सूची तयार गर्ने,<br>• आयुर्वेद चिकित्सकको परामर्शमा औषधी निर्माण वा वितरणको प्रक्रिया तय गर्ने,<br>• विशेष गरी दुधको मात्रा कम भएका, शल्यक्रिया मार्फत बच्चा जन्म दिएका र कमजोर पोषण भएका जोखिम समूहका आमाहरूको पहिचान गर्ने,<br>• स्वास्थ्य संस्था तथा मातृ स्वास्थ्य कार्यक्रम सम्बन्धित संघ-संस्थाहरूसँग समन्वय गरी वितरण तथा परामर्श सेवा प्रदान गर्ने,<br>• दुग्धवर्धक औषधि वितरण गर्न जाने अधिकतम २ जना कर्मचारीलाई कार्यालय भन्दा बाहिर वितरण गर्दा रु ५००/- यातायात खर्च प्रादन गर्न सकिनेछ ।<br>• आवश्यकता अनुसार दुग्धवर्धक औषधी खरिद तथा निर्माण गर्न सकिनेछ ।<br>• स्तनपान एवं स्तन्यबर्द्धक औषधीको प्रयोगबारे जानकारी दिने स्वास्थ्य शिक्षा सामग्री (IEC Material) तयार गर्न सकिनेछ ।<br>• Birthing Center, BEONC, CEONC साइट, खोप क्लिनिक, अस्पतालको प्रसुति वार्डमा कार्यरत कर्मचारीहरूका लागि अभिमुखीकरण गर्न सकिनेछ । |

## २. मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.२०० | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ, गण्डकी आयुर्वेद अस्पताल, कास्की, प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ, नवलपरासी (ब.सु.पू.) - १ लाख २० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा, म्याग्दी, लमजुङ, स्याङजा -१ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ, मनाङ – ६० हजार प्रदेश आयुर्वेद चिकित्सालय ,पर्वत- ५० हजार |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | अस्वस्थकर जीवनशैली एवम् आहार-व्यवहार तथा मानसिक तनावका कारण मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगहरु बढ्दो अवस्थामा छन्। यस्ता रोगहरूको प्रारम्भिक पहिचान (screening) तथा रोकथाम गर्न सक्ने खालका समुदायमा आधारित कार्यक्रमहरूले दीर्घकालीन स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउँछन् । नागरिकमा नसर्ने रोगको (मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य) समयमै स्क्रिनिङ गरी रोग पहिचान गर्न र सो रोगको उचित रोकथाम गर्नको लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको प्रारम्भिक अवस्थामै पहिचान गरी रोकथामको कार्यक्रम गर्नु। |
| **अपेक्षित प्रतिफल** | नागरिकले नसर्ने रोग सम्बन्धी परामर्श सेवा प्राप्त गरी स्वास्थ्य लाभ गरेका हुनेछन्। |
| **कार्य सञ्चालन प्रक्रिया** | • प्रादेशिक/प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य कार्यालय र आयुर्वेद अस्पताल/चिकित्सालयको संयुक्त बैठक बसी विनियोजित बजेटको परिधिभित्र रही स्क्रिनिङको कार्ययोजना तयारी एवं जिम्मेवारी बाँडफाँड गर्ने,<br>• पहिचान गरिएका नसर्ने रोग तथा मानसिक समस्याको उच्च जोखिम समूहलाई परामर्श, योगाभ्यास, आयुर्वेद एवं योगमा आधारित जीवनशैली प्रशिक्षण तथा आयुर्वेद औषधोपचारको लागि प्रेषण सेवा प्रदान गर्ने,<br>• यस कार्यक्रममा जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य शिक्षा सामग्रीको व्यवस्था गर्न सकिनेछ।<br>• यस कार्यक्रमबाट नसर्ने रोगको स्क्रिनिङ एवं परामर्श सेवामा खटिने कर्मचारीहरुलाई भ्रमण खर्च, प्रशिक्षण भत्ता, खाना, खाजा लगायतको व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ। |

## ३. योग, ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.२०१ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ, गण्डकी आयुर्वेद अस्पताल, कास्की, प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ, नवलपरासी (ब.सु.पू.)- ४ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी, लमजुङ, पर्वत - ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा, स्याङजा, मुस्ताङ, मनाङ -२ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | नसर्ने रोग (जस्तैः मधुमेह, उच्च रक्तचाप, मोटोपन, हृदय रोग) र मानसिक स्वास्थ्य समस्या (जस्तैः तनाव, चिन्ता आदि) हरू जीवनशैलीसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् । नियमित योग, ध्यान तथा स्वस्थकर जीवनशैली अपनाउँदा यस्ता रोगहरूबाट बच्न र नियन्त्रण गर्न सकिन्छ । समुदायमा योग, ध्यान तथा जीवनशैली व्यवस्थापन मार्फत रोग निवारण तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा टेवा पुऱ्याउन यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | योग, ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक स्वास्थ्य प्रवर्द्धन गर्नु । |
| **अपेक्षित प्रतिफल** | योग, ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नागरिकको स्वस्थ्य जीवनशैलीमा परिवर्तन भएको हुनेछ । |
| **कार्यसञ्चालन प्रक्रिया** | • विद्यालय, सरकारी कार्यालय, वृद्धाश्रम, महिला समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, क्लब, योग केन्द्रहरू लगायत सार्वजनिक स्थानहरूमा स्वस्थ जीवनशैली, योग तथा ध्यान सम्बन्धी अभिमुखिकरण, तालिम, अभ्यास कक्षा, सत्र तथा कार्यशालाहरू सञ्चालन गर्नुपर्नेछ ।<br>• कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्ग तथा समुदाय निश्चित गरेर फलोअप गर्ने व्यवस्था सुनिश्चित गर्ने,<br>• सहभागीहरुको रक्तचाप, ब्लड सुगर, बडी मास इन्डेक्स, कम्मरको गोलाई मापन, PHQ-9,GAD-7, DASS-21 प्रयोग गरी अभ्यास पूर्व र अभ्यास पश्चातको अवस्थाको मूल्यांकन एवम् अभिलेखीकरण गर्ने,<br>• सहभागीहरूलाई दैनिक अभ्यासका लागि सामग्री (फ्लेक्स, पर्चा, गाइडबुक, भिडियो आदि) उपलब्ध गराउन सकिनेछ ।<br>• कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च प्रचलित कानून बमोजिम हुनेछ । |

## ४. स्वर्ण विन्दु प्राशन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४१५ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- ३ लाख<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की- ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)- १ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद चिकित्सा पद्धतिअनुसार स्वर्णप्राशन संस्कार एक महत्वपूर्ण बाल संस्कार हो जसमा स्वर्ण (सुन) भस्म, घ्यू, मह तथा औषधीय वनस्पतिहरूको संयोजन प्रयोग गरी बालबालिकालाई खुवाइन्छ। यसले बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा मद्दत पुऱ्याउने विश्वास रहिआएको छ। साथै, रोग प्रतिरोधात्मक क्षमता वृद्धिका लागि समेत स्वर्णप्राशनलाई अत्यन्त प्रभावकारी मानिन्छ। बालबालिकाको समग्र विकास र रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न स्वर्णप्राशन गराउने र सो को वैज्ञानिक अध्ययन अनुसन्धान समेत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | स्वर्णप्राशन सेवा सञ्चालन गर्नु। |
| **अपेक्षित प्रतिफल** | बालबालिकाहरुले स्वर्णप्राशन सेवा प्राप्त गरी स्वास्थ्य लाभ गरेका हुनेछन्। |
| **कार्यसञ्चालन प्रक्रिया** | • स्वर्ण विन्दु प्राशनको लागि Standard Operating Procedure बमोजिम सावधानी अपनाई तयारी प्रकृया/ विधि अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• यो कार्यक्रम हरेक पुष्य नक्षत्रको दिन बालबालिकाका लागि स्वर्ण विन्दु प्राशन कार्यक्रम सञ्चालन निर्देशिका,२०८२ लाई आधार लिएर सञ्चालन गर्नुपर्नेछ।<br>• यस कार्यक्रमबाट तयारी स्वर्ण प्राशन वा घटकहरु प्रचलित कानून बमोजिम खरिद गरी तयार गरेर १ वर्ष देखि ५ वर्षसम्मका बालबालिकाहरुलाई सेवन गराउनुपर्नेछ।<br>• यस कार्यक्रमबाट सेवा प्रवाहमा खटिने कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम खाजा एवम् खानाको व्यवस्थापन गर्न सकिनेछ।<br>• यस कार्यक्रमबाट स्वर्ण विन्दु प्राशन सेवन गराउन आवश्यक औजार, उपकरण एवं अन्य सामग्री खरिद गर्न सकिनेछ।<br>• तोकिए बमोजिम स्वर्णप्राशान गर्ने बालबालिकाहरुको विवरण र अन्य अभिलेख निर्देशिका/ तोकिए बमोजिमको ढाँचामा मासिक रुपमा भर्नुपर्नेछ।<br>• यस कार्यक्रमबाट स्वर्ण विन्दु प्राशन सम्बन्धी अध्ययन अनुसन्धानको कार्य र त्यसको व्यवस्थापकीय खर्च व्यहोर्न सकिनेछ। |

## ५. संक्रमण रोकथाम तथा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखीकरण

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४३४ | २२५२२ | गण्डकी आयुर्वेद अस्पताल, कास्की-५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ -५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)-५० हजार<br>धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- ५० हजार |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य संस्थामा संक्रमण रोकथाम तथा स्वास्थ्यजन्य फोहोरमैलाको उचित व्यवस्थापन गरी स्वास्थ्यकर्मी, बिरामी तथा समुदायलाई संक्रमणको जोखिमबाट जोगाउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | स्वास्थ्य संस्थामा संक्रमण फैलिन नदिनु, बिरामी, स्वास्थ्यकर्मी तथा आगन्तुकलाई सुरक्षित वातावरण उपलब्ध गराउनु तथा स्वास्थ्यजन्य फोहोरलाई वैज्ञानिक तरिकाले व्यवस्थापन गर्नु। |
| **अपेक्षित प्रतिफल** | अस्पताल तथा स्वास्थ्य संस्थामा संक्रमण दर न्यून भएको हुनेछ। |
| **कार्यसञ्चालन प्रक्रिया** | • संक्रमण रोकथाम तथा नियन्त्रण निर्देशिका,२०७९ अनुरुप तालिम प्राप्त चिकित्सक वा नर्सिङ कर्मचारीबाट अस्पताल / चिकित्सालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई संक्रमण रोकथाम र स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• कार्यक्रम सञ्चालन भएको तीन महिना पछि तालिम प्रदान गर्ने कर्मचारीबाट अनुगमन एवं Onsite Coaching को व्यवस्था मिलाउने,<br>• कार्यक्रमलाई आवश्यक पर्ने सिकाई सामग्रीहरु (संक्रमण रोकथाम तथा फोहोरमैला व्यवस्थापनसंग सम्बन्धित) यसै शीर्षकबाट व्यवस्थापन गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालन गर्दा खाजा एवम् अन्य व्यवस्थापकिय खर्च गर्न सकिनेछ। |

## ६. नसर्ने रोगको रोकथाम तथा व्यवस्थापन सम्बन्धी सामूहिक परामर्श कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४६१ | २२५२२ | धौलागिरी आ. अस्पताल, बागलुङ र गण्डकी आ. अस्पताल, कास्की- १ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ, पर्वत, नवलपरासी (ब.सु.पू.) -१ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | नसर्ने रोग (Non-communicable diseases-NCDs) हरुको कारणको रुपमा रहेका अस्वस्थकर आहार, विहार, विचार र आचार तथा वातावरण सम्बन्धमा जोखिममा रहेको नागरिक तथा बिरामीहरुलाई रोगको कारण, रोकथाम र व्यवस्थापन सम्बन्धमा सामूहिक परामर्श गरी नसर्ने रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्‍याउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | नागरिकलाई नसर्ने रोगका कारण रोकथाम र व्यवस्थापन बारे जानकारी दिनु। |
| **अपेक्षित प्रतिफल** | नागरिकको जीवनशैली स्वस्थकर भई नसर्ने रोगको भार र जटिलता न्यूनीकरण भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • प्रदेश आयुर्वेद चिकित्सालय/आयुर्वेद स्वास्थ्य संस्थामा हप्तामा कम्तिमा दुई दिन तोकी नसर्ने रोग क्लिनिक (NCD Clinic) सञ्चालन गर्ने,<br>• उच्च जोखिममा रहेका तथा नसर्ने रोगबाट ग्रसित सेवाग्राहीको पहिचान गर्ने,<br>• नसर्ने रोगको आयुर्वेद तालिम पुस्तिका (Ayurveda Package for Essential Non-communicable Diseases) अनुसार सहभागी /बिरामीहरुको व्यवहारजन्य जोखिमको पहिचान तथा व्यवहार परिवर्तन सम्बन्धी परामर्श, रक्तचाप, ब्लड ग्लुकोज परीक्षण, कम्मरको गोलाई मापन, 10 Year CVDs Risk calculation, PHQ-9,GAD-7, DASS-21 प्रयोग गरी मानसिक स्वास्थ्य अवस्थाको परीक्षण गर्ने,<br>• नसर्ने रोगबाट ग्रसित वा उच्च जोखिम भएका व्यक्तिहरूको १० देखि ३० जनाको समूह बनाई निरन्तर सामूहिक परामर्श तथा चिकित्सकीय योग एवं ध्यान सञ्चालन गर्ने,<br>• एउटा परामर्श सत्र कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्नेछ।<br>• परामर्श गर्दा Ayurveda Package of essential Non-communicable Diseases लाई स्रोत सामग्रीको रुपमा प्रयोग गर्ने,<br>• परामर्श सत्र संचालन गर्ने सहजकर्तालाई एउटा सेसन लिए वापत भत्ता रू.१०००/- उपलब्ध गराउन सकिनेछ।<br>• कार्यक्रम संचालनका लागि एउटा छुट्टै अभिलेख/ पुस्तिका राखी उक्त पुस्तिकामा तपसिल बमोजिमका कुराहरु समावेश गरी कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्नुपर्नेछ।<br>    ○ मिति (साल, महिना, गते बार, समय)<br>    ○ परामर्शको विषय<br>    ○ उपस्थित सेवाग्राहीको विवरण र हस्ताक्षर<br>    ○ सहजकर्ता/ परामर्शदाताको विवरण |

## ७. योग र ध्यान कार्यक्रम [हरेक विहान]

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४६२ | २७२१३ | धौलागिरी आयुर्वेद अस्पताल ,बागलुङ- १ लाख ५० हजार<br>गण्डकी आयुर्वेद अस्पताल ,कास्की- १ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी- १ लाख ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ -१ लाख ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)- १ लाख ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मनाङ -१ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | नियमित योग र ध्यानले मानिसको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यमा सकारात्मक प्रभाव पारेर वर्तमान तनावपूर्ण जीवनशैली तथा नसर्ने रोगको भार कम गर्न सहयोग गर्ने अपेक्षासहित यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | नियमित योग तथा ध्यान अभ्यास गर्ने बानीको विकास गरी नसर्ने रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउनु। |
| **अपेक्षित प्रतिफल** | योग तथा ध्यानमा नियमित सहभागी हुने नागरिकको शारीरिक, मानसिक तथा सामाजिक सन्तुलन कायम भई नसर्ने रोगहरूको जोखिम कम हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • अस्पताल तथा चिकित्सालयमा दक्ष योग प्रशिक्षक/ चिकित्सक/ तालिम प्राप्त स्वास्थ्यकर्मीबाट दैनिक विहान कम्तिमा १ घण्टा निरन्तर योग तथा ध्यान कार्यक्रम सञ्चालन गर्ने,<br>• सहभागीहरुको रक्तचाप, ब्लड सुगर, बडी मास इन्डेक्स, कम्मरको गोलाई मापन, PHQ-9,GAD-7, DASS-21 प्रयोग गरी अभ्यास पूर्व र अभ्यास पश्चातको अवस्थाको मूल्यांकन एवं अभिलेखीकरण गर्ने,<br>• योग तथा ध्यान कार्यक्रम पछि सहभागीहरूलाई स्वास्थ्य प्रवर्द्धनको उद्देश्यले जडीबुटी चिया वितरणका साथै सम्भव भएसम्म शिलाजित सेवन गराउन सकिनेछ।<br>• दैनिक योग कार्यक्रम सञ्चालनका लागि अन्य आवश्यक व्यवस्थापकीय खर्च गर्न सकिनेछ।<br>• अस्पताल र आयुर्वेद चिकित्सालयमा कार्यालय समय बाहेकको समयमा प्रशिक्षण गर्दा प्रशिक्षकलाई प्रति दिन रु.१७५/- र सहयोगीलाई रु. ७५ /- प्रदान गर्न सकिनेछ।<br>• नियमित योग अभ्यास गर्ने सेवाग्राहीहरुको विवरण, प्रशिक्षक तथा सहयोगीको नाम, थर र पद/तह, प्रशिक्षणको विषय लगायत संक्षिप्त विवरणको अभिलेख प्रमाणित गरी राख्नुपर्नेछ।<br>• अस्पताल / चिकित्सालयको आफ्नै योग हल नभएको अवस्था अन्य सामाजिक संघ संस्थाहरुसंग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ। |